आ.व. २०७९।८० को बैठक संख्या - ८

आज मिति २०७९ साल कार्तिक महिनाको १५ गते मंगलवारका दिन उदयपुरगढी गाँउपालिकाका अध्यक्ष श्री मान बहादुर केप्छाकी मगरको अध्यक्षतामा बसेको कार्यपालीकाको बैठकमा तपसिल अनुसारको उपस्थितिमा निम्नानुसारको प्रस्तावहरु छलफल तथा निर्णयहरु गरियो ।

**उपस्थिती :**

| क्र.सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | मान बहादुर केप्छाकी मगर | गाउपालिका अध्यक्ष | |
| २ | जित बहादुर खडका | गाउपालिका उपाध्यक्ष | |
| ३ | दिल बहादुर राना मगर | वडा अध्यक्ष | |
| ४ | ईन्द्र बहादुर राउत | वडा अध्यक्ष | |
| ५ | मनोज कुमार कार्की | वडा अध्यक्ष | |
| ६ | राम बहादुर घले मगर | वडा अध्यक्ष | |
| ७ | कुमार अधिकारी | वडा अध्यक्ष | |
| ८ | कृष्ण बहादुर खत्रि | वडा अध्यक्ष | |
| ९ | भुवन केप्छाकी मगर | वडा अध्यक्ष | |
| १० | थिर बहादुर राउत | वडा अध्यक्ष | |
| ११ | सहेक बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १२ | सरिता कार्की | कार्यपालिका सदस्य | |
| १३ | डिल्लीमाया विश्बकर्मा | कार्यपालिका सदस्य | |
| १४ | मिना कुमारी तामाङ्ग | कार्यपालिका सदस्य | |
| १५ | यसोदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १६ | रमेश राई | प्र.प्र.अ. | |

**सहयोगी :**

१. गुणराज श्रेष्ठ

२. पारस मणि फुयल

३. शेखर वुढाथोकी

४ राजन पोखरेल

५. श्री [illegible] कार्की

६. बौद्ध कुमार कार्की

**प्रस्तावहरु :**

१. गत बैठकको समिक्षा सम्वन्धमा ।

२. ककनी मेला समिति गठन तथा व्यवस्थापन सम्वन्धमा ।

३. मतदाता शिक्षा सञ्चालन खर्च सम्वन्धमा ।

४. एम्वुलेन्स मर्मत खर्चको भुक्तानी सम्वन्धमा ।

५. मतदाता शिक्षा जानकारी सम्वन्धमा ।

६. विविध

क) भगवती धाम दिरेश्वर मेला सम्बन्धमा

ख) अनाथ तथा जोखिम युक्त बालबालिकाको लागी सामाजिक

ग) सुरक्षा कार्यक्रम कार्यविधी सम्बन्धमा

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथी छलफल गर्दा अघिल्लो वैठक संख्या ७ को निर्णय अनुसारका कार्यहरु कार्यान्वयन भईरहेको व्यहोरा जानकारी भयो ।

२. प्रस्ताव नं. २ माथी छलफल गर्दा परम्परागत रुपमा लाग्दै आएको हरिवोधिनी एकादशी मेला ५ नं वडा क्षेत्रको ककनी मेलाको लागि भोली नैं यसै वडाका अध्यक्ष श्री कुमार अधिकारीको संयोजकत्वमा वडा नं १ का वडा अध्यक्ष, वडा नं २ का वडा अध्यक्ष, वडा नं ३ का वडा अध्यक्ष र कार्यपालिका सदस्य श्री सहेक बहादुर विक सहित मेला व्यवस्थापन कमिटि गठन गर्ने र यसै समितिले सुरक्षाकर्मी सहितलाई समन्वय गर्ने र शान्ती शुरक्षा अमनचयन कायम गर्नका लागि प्रहरी चौकी उदयपुरगढीलाई पत्राचार गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथी छलफल गर्दा मतदाता शिक्षा सञ्चालन खर्च यसै गाउँपालिकाको आ.व. २०७९।८० को चालु खर्च तर्फको कार्यक्रम खर्च मध्येवाट रु. २,००,०००।०० (अक्षरुपि दुई लाख मात्र) सोही शिर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथी छलफल गर्दा १ नं. वडा कार्यालयको मातहतमा रहेको एम्वुलेन्स हाल विग्रीई वाटैमा रहेकोले पुर्व वडा अध्यक्षलाई सम्पर्क गरि वरवुझारत गर्नको लागि ताकेता गर्ने र वडा नं ५ को एम्वुलेन्स मर्मत खर्चको सम्वन्धमा आबश्यक खर्च गर्न सक्ने पुष्ट्याई कागजातको आधारमा आगामी वैठकबाट भुक्तानी प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथी छलफल गर्दा यसै गाउँपालिकाका जनप्रतिनिधिहरुलाई मतदाता शिक्षा सम्वन्धी जानकारी दिईयो ।

६. प्रस्ताव नं ६ को विविध "क" माथी छलफल गर्दा यहि मिति २०७९ साल मंसीर ६ गते ५ नं वडाको मौवासीमा लाग्ने अठासीधाम छिरेश्वर मेला व्यवस्थापनका लागि ५ नं वडाका अध्यक्ष श्री कुमार अधिकारीको संयोजकत्वमा वडा नं ६ का वडा अध्यक्ष, वडा नं ८ का वडा अध्यक्ष, वडा नं ६ का वडा सदस्य श्री दुर्गा रमण दहाल र वडा नं ५ का वडा सदस्य श्री पेशल कुमार राई सहित मेला व्यवस्थापन कमिटि गठन गर्ने र यसै समितिले सुरक्षाकर्मि सहितलाई समन्वय गर्ने र शान्ती शुरक्षा अमनचयन कायम गर्नका लागि प्रहरी चौकी उदयपुरगढीलाई पत्राचार गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं ६ को विविध "ख" माथी छलफल गर्दा उदयपुरगढी गाउँपालिकाको अनाथ तथा जोखिमयुक्त वालवालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रम (संचालन कार्यविधि) कार्यविधि, २०७५ र पहिलो संशोधन २०७८ को दफा २४ वमोजिम दफा ५ पछि ५क. कायम गरि तपसिल बमोजीम थप गर्ने निर्णय गरियो ।

तपसिल :

"दफा ५ वमोजिमको अक्षयकोषको खाता क वर्गको वाणिज्य वैंकमा खोली संचालक समितिको संयोजक र सम्वन्धीत वडाको वडा सचिवको संयुक्त दस्तखतबाट संचालन गर्ने"